अल्लाहले हर काममा राम्रो व्यवहार गर्न अनिवार्य गर्नुभएको छ

शद्दाद बिन औस (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) बाट दुइटा कुरा सिकेर सुरक्षित राखेको छु : "अल्लाहले हर काममा राम्रो
व्यवहार गर्न अनिवार्य गर्नुभएको छ। त्यसैले जब तिमीले कसैलाई मार्छौ (मृत्युदण्ड आदिको लागि) तब त्यसलाई राम्रो तरिकाले मार र जब तिमी (पशु) वध गर्छौ, तब राम्रो
तरिकाले वध गर र जनावरलाई वध गर्दा पहिला आफ्नो चक्कु धारिलो बनाउनुपर्छ र मारिने जनावरलाई राहत दिनुपर्छ ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, अल्लाहले हर काममा राम्रो व्यवहार गर्न अनिवार्य गर्नुभएको छ। इहसान (परोपकार) भनेको तपाईंले गर्नुहुने हरेक काममा अल्लाहलाई सधैं मनमा राख्नु हो । अल्लाहको उपासना गर्दा, पुण्य कर्म गर्दा र मानिसहरूलाई दुःखबाट बचाउँदा पनि । त्यसैगरी यसमा हत्या र वध गर्दा समेत दयालु हुनु पनि समावेश छ । किसास (बदला) को रुपमा हत्या गर्दा दयालु हुनु भनेको हत्याको लागि सबैभन्दा सजिलो, हल्का र छिटो बाटो रोज्नु हो । वध गर्दा पशुप्रति दयालु हुनु भनेको हतियार धारिलो बनाउनु, जनावरको आँखा अगाडि हतियारको धार नलगाउनु र एउटा पशुलाई अर्को जनावरको अगाडि वध न गर्नु हो ।

https://sunnah.global/hadeeth/ne/show/4319